१८३६/३८

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. १६४/२०७३/०७४

निर्णय नं. ३८

जिल्ला रौतहट, पचरुखी गा.वि.स.-८ हाल गौर न.पा.-४ का शैलेन्द्र झा ..................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, हजमिनिया गा. बि. स. को कार्यालय, रौतहट................................१ } विपक्षी

सूचना अधिकारी, हजमिनिया गा. बि. स. को कार्यालय, रौतहट .............................१ }

विषय :- **माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला रौतहट, पचरुखी गा.वि.स.-८ हाल गौर न.पा.-४ का शैलेन्द्र झाले हजमिनिया गा. बि. स. को कार्यालय, रौतहट समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०६।०७ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी हजमिनिया गा. बि. स. को कार्यालय, रौतहटको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

**तपसिल**

१. आ. ब. २०७२/७३ मा हजमिनिया गा. बि. स. को कार्यालय, रौतहटको खर्च शीर्षक, योजनाको नाम र कूल खर्चको प्रमाणित विवरण ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल असोज १२ गते रोज ४ शुभम् ।